# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/२७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु वीरेन्द्र प्रसाद साह कानु, सर्मेन्द्र प्रसाद चौधरी, सुरेश कुमार यादव, उपेन्द्र कुशवाहा, सोनालाल प्रसाद यादव, नन्दकिशोर साह कानु र गीता कुमारी साह मु.नं (०७९-CR-०१६४) फैसला मिति २०८१।१।१७ | खेल मैदान निर्माण कार्यमा झुट्टा विलको आधारमा भुक्तानी गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साह कानु, लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरी, इन्जिनियर सुरेश कुमार यादव र सब-इन्जिनियर उपेन्द्र कुशवाहाका** हकमा बढी भुक्तानी दिएको रकम रु.१,००,५६८।७५ लाई बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसुरमा सो दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो रकम असुल उपर हुन। साथै प्रतिवादीहरु सुरेश कुमार यादव र उपेन्द्र कुशवाहाले गलत नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गरी गलत प्रतिवेदन दिने कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही दफा १९ को उपदफा (२) वमोजिम सजाय हुनमागदावी लिएको अवस्था देखिन्छ।<br>• **प्रतिवादीहरु उपभोक्ता समितिका अध्यक्ष सोनालाल प्रसाद यादव, सचिव नन्द किशोर साह कानु र कोषाध्यक्ष गीता कुमारी साहले** उपभोक्ता समितिको खाता सञ्चालन गरेको एवं नगरपालिकासँग भएको सम्झौता बमोजिमको सर्त पालना नगरी, लागत अनुमान बमोजिम गर्नुपर्ने सबै कामहरु नगरी कार्य सम्पन्न भएको भनी सरकारी सम्पतिमा गैरकानुनी हानी र आफूहरुलाई लाभ पुऱ्याउने बदनियतले निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको झुट्टा बिल भर्पाई बनाई नभए/नगरेको कार्य समेत भए गरेको भनी भए गरेको भन्दा बढी मूल्याङ्कन गरी गराई रु.१,००,५६८।७५ | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरुले बदनियत राखी प्रतिवेदन दिएको भन्ने अवस्था मिसिल संलग्न प्रमाण कगजवाट नदेखिएको।<br>• प्रतिवादीहरुले कुनै व्यक्तिलाई गैरकानुनी लाभ पुऱ्याउने वा सरकारलाई गैरकानुनी हानी पुऱ्याउने काम गरेको अबस्था पुष्टि भएको भन्ने देखिन नआएको। | • प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिएको टोलीले नाँपजाँच गरी पेश गरेको स्थलगत प्राविधिक प्रतिवेदन बमोजिम उक्त निर्माण कार्यको स्थलगत नाँपजाँच गर्दा नगरपालिकाबाट तयार गरिएको नापी किताबको तुलनामा माटो खन्ने कार्य, ढुंगा सोलिङ्ग कार्य, M15 पि.सि.सी. कार्य, स्टील डण्डीको कार्य, आर.सि.सी. (१:१.५:३) फर्माको कार्य समेत निर्माण आइटममा बढी नापी देखाई घटी परिमाणमा सम्पादन भएको निर्माण कार्यलाई बढी परिमाण नापी किताबमा समाबेश गरी उक्त योजनाको कार्यसम्पन्न प्रतिवेदन समेत स्वीकृत गरी भुक्तानी दिइएको पाइएको, सम्पादन नभएको निर्माणकार्यलाई सम्पादन भएको देखाई सिम्रौनगढ नगरपालिकाले सम्बन्धित उपभोक्ता समितिलाई भए गरेको निर्माणकार्यको तुलनामा रु १,११,९९१।९३ (अक्षरेपि एक लाख एघार हजार नौ सय एकानब्बे रुपैयाँ र पैसा त्रियानब्बे) रकम बढी मूल्याङ्कन गरेको देखिन्छ सो रकम मध्ये सम्झौता बमोजिम उपभोक्ता समितिको तर्फबाट व्यहोर्नुपर्ने जनसहभागिता बापतको रु. ११,४२३।१८ कट्टा गर्दा रु. १,००,५६८।७५ (अक्षरेपी एक लाख पाँच सय अठ्सठ्ठी रुपैयाँ र पैसा पचहत्तर) रकम बढी भुक्तानी दिई, इष्टिमेट बमोजिम काम नगरी नगराई कामको परिमाण समेत बढाई झुट्टा बिल बनाई एवं गलत प्रतिवेदन समेत तयार गरी सरकारी रकम गैरकानूनी तरिकाले लिनुदिनु गरी भ्रष्टाचारजन्य कार्य गरेको वारदात स-प्रमाण पुष्टी भईरहेको साथै भ्रष्टाचार मुद्दामा सार्वजनिक सम्पत्तिमा हिनामिना गर्ने गलत विवरण नापी किताबमा उल्लेख गरी भुक्तानी समेत भई सकेको अवस्थामा उक्त प्रमाणलाई ग्रहण नगरी भएको फैसला त्रुटिपूर्ण रहेको छ। साथै सार्वजनिक निकायका पदाधिकारीहरूबाट पदीय कर्तव्यपालनमा लापरवाही र बदनियतपूर्वक कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी झुट्टा बिलद्वारा बढी भुक्तानी दिने कार्य **Abuse of Official Position Doctrine** अन्तर्गत भ्रष्टाचारजन्य कसूर रहेको स्पष्ट देखिरहेको अवस्थामा विशेष अदालत काठमाण्डौंवाट यस्ता सैद्धान्तिक एवं व्यवहारिक आधारहरूलाई अन्देखा गरी प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाइ दिने गरी भएको फैसला गलत **प्रमाण मूल्याङ्कन (misinterpretation of evidence)** र कानूनी सिद्धान्तको आधार समेतवाट त्रुटिपूर्ण भई बदरभागी रहेको छ।<br>• प्रस्तुत मुद्दामा फिल्ड प्रतिवेदन पेश गर्ने नेपाल सरकारका साक्षी मोहदत्त भट्टले अदालत समक्ष वकपत्र गर्दा "प्राविधिक फिल्ड प्रतिवेदन कागज देखाउँदा देखीपाएँ। प्राविधिक फिल्ड प्रतिवेदन कागजमा भएको बेहोरा सबै ठीक हो। सोमा मेरो नाममा लागेको सहीछाप मेरो नै हो। हेरी चिनी सनाखत गरिदिएँ।" भनि व्यहोरा खुलाएको देखिन्छ । उक्त वकपत्रवाट प्रतिवेदनमा उल्लेख गरेका विवरणहरू उनी स्वयंले तयार पारेको हुन्, प्रतिवेदनमा भएको हस्ताक्षर र सहि छाप प्रमाणिक छन् भन्ने कुराको प्रमाणित गर्छ साथै यस्तो स्पष्ट वकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा ३ र १८ अनुसार अदालतमा प्रमाणका रूपमा ग्रहण गर्नु पर्ने हुन्छ, किनभने प्रतिवेदन पेश गर्ने व्यक्ति स्वयंले विवरण सत्य भएको पुष्टि गरेको साथै प्रतिवेदन तयार गर्नु उनको आधिकारिक पदीय दायित्व पनि हो। (technical expert report under official duty)भन्ने स्पष्ट देखिन्छ। यसरी प्राविधिक साक्षीको स्पष्ट, दृढ र स्वयंप्रमाणिक बयानको उपेक्षा गरी विशेषज्ञ रायको उपयुक्त उपयोग नगरी प्राविधिक प्रतिवेदनलाई पर्याप्त मूल्याङ्कन नगरी प्रमाणको गलत विश्लेषण गरी (misinterpretation of evidence) भएको फैसला त्रुटिपूर्ण छ ।साथै प्रमाण ऐन, २०३१ को दफा ३२ अनुसार, यस्ता साक्षीहरुलाई "न्याय निर्णयनको सहायताको निम्ति प्रयोग गर्न मिल्ने" आधार हदाहुदै विशेषज्ञ साक्षिको महत्व (Weight of Expert Testimony) लाई वेवास्ता गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला वदर गरी पाउ ।<br>• रानीबासमा खेल मैदान निर्माण कार्यको भुक्तानी क्रममा सब-ईन्जिनियर उपेन्द्र कुशवाहाले निर्माण कार्यको प्रत्येक आइटमको नापजाँच गरी नापी कितावमा चढाई सोही अनुसारको बील तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा आफ्नो पदीय दायित्व पूरा नगरी सरकारी सम्पतिमा गैरकानूनी हानी पुर्याउने बदनियतले निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको नापी चढाई माटो खन्ने कार्य, ढुंगा सोलिङ्ग कार्य, M15 पि.सि.सी. कार्य, स्टील डण्डीको कार्य, आर.सि.सी. (१:१.५:३) फर्माको कार्य समेत निर्माण आइटममा बढी नापी देखाई घटी परिमाणमा सम्पादन भएको निर्माण कार्यलाई बढी परिमाण नापी कितावमा समाबेश गरी प्राविधिक प्रतिवेदन समेत स्वीकृत गरी भुक्तानी दिइएको भन्ने देखिएको, सम्पादन नभएको निर्माण कार्यलाई सम्पादन भएको देखाई भए गरेको निर्माण कार्यको तुलनामा १,११,९९१.९३ (अक्षरेपि एक लाख एघार हजार नौ सय एकानब्बे रुपैयाँ र पैसा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को बिल नगरपालिकाको कार्यालयमा पेस गरी बढी भुक्तानी समेत लिएकोले निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरमा रु.१,००,५६८।७५ बिगो कायम गरी सोही दफा ८ को उपदफा (४) वमोजिम सजायँ गरी बिगो समेत जफत हुन मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>प्रतिवादीहरु **तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साह कानु, लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरी, इन्जिनियर सुरेश कुमार यादव र सब-इन्जिनियर उपेन्द्र कुशवाहा ,उपभोक्ता समितिका अध्यक्ष सोनालाल प्रसाद यादव, सचिव नन्द किशोर साह कानु र कोषाध्यक्ष गीता कुमारी साहले** आरोपदावीवाट नै सफाई हुने गरी गरी फैसला भएको देखिन्छ। | | त्रियानब्बे) रकम बढी मूल्याङ्कन गरेको र सो रकम मध्ये सम्झौता बमोजिम उपभोक्ता समितिको तर्फबाट व्यहोर्नुपर्ने जनसहभागिता बापतको रु. ११,४२३।१८ कट्टा गर्दा १,००,५६८।७५ (अक्षरेपी एक लाख पाँच सय अठ्सठ्ठी रुपैयाँ र पैसा पचहत्तर) बढी भुक्तानी भएको साथै नगरे नगराएको परिमाणको कार्य भए गरेको भनी गलत प्रतिवेदन दिएको समेत देखिरहेको अवस्थामा प्रतिवादीहरुले बदनियत राखी प्रतिवेदन दिएको भन्ने अवस्था मिसिल संलग्न प्रमाण कगजवाट नदेखिएको भन्ने आधार ग्रहण गरी भएको फैसला त्रुटिपूर्ण भएकोले बदरभागी छ ।प्रस्तुत मुद्दामा प्रतिवादी उपेन्द्र कुशवाहाद्वारा कार्य सम्पन्न नगरी झुटा नापी किताब तथा प्रतिवेदन तयार गरिएको र त्यसको आधारमा बढी भुक्तानी गरिएको स्पष्ट प्रमाण हुँदाहुँदै पनि विशेष अदालतले "बदनियत नदेखिएको" भनी सफाइ दिनु **Constructive Malice**र **Public Accountability** को सिद्धान्तविपरीत रहेकोले वदरभागी छ ।<br>• त्यसैगरी ईन्जिनियर पदमा कार्यरत सुरेश कुमार यादवले सब-ईन्जिनियर उपेन्द्र कुशवाहाले पेश गरेको नापी किताव, बील भर्पाई तथा कार्य सम्पन्न प्रतिवेदन चेकजाँच गरी पेश गर्नुपर्नेमा आफ्नो पदीय दायित्व पूरा नगरी सरकारी सम्पतिमा गैरकानूनी हानी पुर्याउने बदनियतले निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको नापी चढाई र झुठा बिल बनाइ पेश भएको बिल भर्पाई ठिक छ भनी भुक्तानीको लागि सिफारिस गरेको त्यसैगरी तत्कालिन निमित्त प्रमुख प्रशासकिय अधिकृत वीरेन्द्र प्रसाद साह कानुले सरकारी सम्पतिमा गैरकानूनी हानी पुर्याउने बदनियतले सम्झौतामा निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको नापी चढाई पेश भएको झुठा बिल भर्पाई, नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गर्ने तथा भुक्तानी समेत दिने कार्य गरेको त्यसैगरी लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरीले सरकारी सम्पतिमा गैरकानूनी हानी पुर्याउने बदनियतले योजना सम्झौताको शर्त विपरित तयार भएको बील अनुगमन समिति र वडा कार्यालयको सिफारिस तथा सार्वजनिक लेखा परिक्षण बेगर निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको नापी चढाई र झुठा बिल बनाइ पेश भएको बिल भुक्तानी गरेको भन्ने समेत देखिरहेको अवस्थामा प्रतिवादीहरको वदनियत नरहेको भन्ने आधार ग्रहण गरी पनिज प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले वदरभागी छ ।<br>• उपभोक्ता समितिका अध्यक्ष सोनालाल प्रसाद यादव, सचिव नन्द किशोर साह कानु र कोषाध्यक्ष गीता कुमारी साहले लागत अनुमान बमोजिम गर्नुपर्ने सबै कामहरु नगरी कार्य सम्पन्न भएको भनी सरकारी सम्पतिमा गैरकानूनी हानी पुर्याउने बदनियतले निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको झुठा बिल भर्पाई बनाई गाउँपालिका कार्यपालिकाको कार्यालयमा पेश गरी भुक्तानी समेत लिएको उपभोक्ता समितिको ग्लोवल आई.एम.इ. बैंक, सिम्रौनगढमा रहेको खाता अध्यक्ष सोनालाल प्रसाद यादव, सचिव नन्द किशोर साह कानु र कोषाध्यक्ष गीता कुमारी साहको संयुक्त दस्तखतमा सञ्चालन हुने उपभोक्ता समितिको मिति २०७८।२।२३को उपभोक्ता भेलाको निर्णयबाट देखिएको अनुगमन समितिको सिफारिस, सार्वजनिक लेखा परिक्षण र सार्वजनिक सुनुवाई बेगर अन्तिम भुक्तानी लिएको समेत पाईयो। बयानका क्रममा निर्माण कार्यमा संलग्न कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीहरुबाट निर्माण कार्य सम्पन्न नहुँदै भुक्तानी भएको भन्ने देखिरहेकव अवस्थामा प्रतिवादीहरुले कुनै व्यक्तिलाई गैरकानुनी लाभ पुऱ्याउने वा सरकारलाई गैरकानुनी हानी पुऱ्याउने काम गरेको अबस्था पुष्टि भएको भन्ने देखिन नआएको भन्ने काल्पनिक आधार ग्रहण गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले वदरभागी रहेको छ।<br>• प्रस्तुत मुद्दामा विशेष अदालत काठमाडौंबाट उपलब्ध ठोस प्रमाणको उपयुक्त मूल्याङ्कन नगरी प्रतिवादीहरूलाई आरोपदावीबाट नै सफाइदिने गरी भएको प्रस्तुत फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को उद्देश्य, संरचना र सिद्धान्तविपरीत रहेको भन्ने देखिन्छ अनुसन्धानको क्रममा संकलित प्रमाणहरू ,स्थलगत प्राविधिक प्रतिवेदन, झुट्टा नापी किताव, गलत कार्यसम्पन्न प्रतिवेदन र बढी भुक्तानी भएका बिलहरूको समष्टिगत मूल्याङ्कन गर्दा प्रतिवादीहरूको कार्यले **सरकारलाई हानि र आफूहरूलाई लाभ पुर्याउने नियत (Constructive Malice)** देखिन्छ साथै सार्वजनिक निकायको कोषमा स्पष्ट अनियमितता देखिएको अवस्थामा public accountability वहन गर्नुपर्ने पदमा रहेका यि प्रतिवादीहरुमा **Burden Shifting Principle** अनुसार प्रमाणको भार समेत प्रतिवादीहरूले नै पुर्याउनुपर्ने कानूनी एवं सैद्धान्तिक व्यवस्था रहेकोमा सो कुरालाई अन्देखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटिपूर्ण छ।पारदर्शिता, जवाफदेहिता र सार्वजनिक सम्पत्तिको संरक्षण लाई भ्रष्टाचार ऐनको आत्मा मानी अदालतले व्याख्या गर्नुपर्नेमा **Purposive Interpretation Doctrine** विपरित र योजनाको कार्यान्वयनमा संलग्न सबै पक्षको समुहगत संलग्नता **"Chain of Responsibility"** सिद्धान्तअन्तर्गत हेर्नुपर्नेम, अदालतले आ-आफ्नो पदीय कर्तव्य पूरा नगरेका प्रतिवादीहरूलाई सफाइ दिई भ्रष्टाचार निवारण नियन्त्रणको मूल मर्मविपरीत भएको प्रस्तुत फैसला त्रुटीपूर्ण भई वदरभागी रहेकोले उक्त फैसला वदर गरीपाउँ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • माथि उल्लेखित आधार कारण र प्रमाणहरुबाट प्रतिवादीहरु **तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साह कानु, लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरी, इन्जिनियर सुरेश कुमार यादव र सब-इन्जिनियर उपेन्द्र कुशवाहा ,उपभोक्ता समितिका अध्यक्ष सोनालाल प्रसाद यादव, सचिव नन्द किशोर साह कानु र कोषाध्यक्ष गीता कुमारी साहलाई** विशेष अदालत काठमाडौंबाट फैसला हुँदा निजहरुलाई आरोपदावीबाट नै सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला प्रमाण र कानूनको रोहमा त्रुटिपूर्ण देखिएकोले निज प्रतिवादीहरु उपर आरोपपत्र मागदाबी बमोजिम सजाय गरीपाउँ । |